# निजी व्यवसाय ऐन, २०७६

<u>प्रमाणीकरण मिति</u>

२०७६।११।२२

<u>प्रस्तावना</u> : व्यापार र उद्योग व्यवसाय गर्ने निजी व्यवसायहरुको दर्ता, नियमन र तत् सम्बन्धी व्यवस्था गरी सुदूरपश्चिम प्रदेशको आर्थिक समृद्धि र आमजनताको हित प्रवर्द्धन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> : (१) यस ऐनको नाम "निजी व्यवसाय ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले प्रचलित कानून वमोजिम तोकिएको अदालतलाई सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमका सम्झनु पर्छ ।

(ग) "निजी व्यवसाय" भन्नाले निजी वा अन्य नामबाट कुनै एक व्यक्तिले गर्ने उद्योग, व्यापार वा व्यवसायलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई जनाउँछ ।

(ङ) "प्राइभेट फर्म" भन्नाले यस ऐन बमोजिमको निजी व्यवसायलाई जनाउँछ ।

(च) "व्यवसाय" भन्नाले कानून बमोजिम कुनै उद्योग, व्यापार वा अन्य पेशा सञ्चालन गर्ने काम सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ज) "सम्बन्धित निकाय" भन्नाले निजी व्यवसायको दर्ता, नियमन र सहजीकरण गर्नका लागि प्रदेश सरकारले तोकेको निकाय सम्झनु पर्छ ।

३. <u>दर्ता नगरी निजी व्यवसाय खोल्न नहुने</u> : (१) यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगराई कसैले पनि निजी व्यवसाय खोल्न पाउने छैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसायले एक वर्षभित्र सम्बन्धित निकायमा दर्ता नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नविकरण नगरेमा तोकिए बमोजिमको जरिवाना तिरी नविकरण गर्न पाउनेछ ।

४. <u>निजी व्यवसाय दर्ताको निवेदन र दस्तुर</u> : (१) कुनै निजी व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको दस्तुर संलग्न राखी देहायको विवरण सहित तोकिए बमोजिमको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ :-

(क) व्यवसायको नाम,

(ख) व्यवसायको ठेगाना, सम्पर्क नं. र इमेल,

(ग) व्यवसायको उद्देश्य तथा कारोवार गर्ने वस्तु तथा सेवाको विवरण,

(घ) व्यवसायको धनीको नाम, ठेगाना तथा बाबु, आमा र बाजे, बज्यैको नाम,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम कसैको दरखास्त परेमा सम्बन्धित निकायले सात दिनभित्र तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी व्यवसाय दर्ता गर्न सक्ने देखिएमा सम्बन्धित निकायको दर्ता किताबमा व्यवसायको नाम दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको व्यवसायलाई तोकिएको ढाँचाको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एकभन्दा बढी निजी व्यवसाय दर्ता गरिने छैन ।

(५) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा निजी व्यवसाय दर्ता गर्न नसकिने भएमा सम्बन्धित निकायले सात दिनभित्र सोको कारण सहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिमको व्यवसाय दर्ताको लगत विद्युतीय स्वरुपमा समेत राख्नु पर्नेछ ।

५. <u>निजी व्यवसायको प्रमाणपत्रको अवधि र नविकरण</u> : (१) यो ऐन बमोजिम दर्ता र अद्यावधिक भएका निजी व्यवसायको प्रमाणपत्रको अवधि र नविकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) यो दफा प्रारम्भ हुनु अघि कुनै कारणबस नविकरण गर्ने म्याद समाप्त भई नविकरण हुन नसकेका व्यवसाय भएमा जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिए बमोजिम नविकरण गर्न सकिनेछ ।

(३) यस दफा बमोजिम तोकिएको अवधिमा व्यवसाय नविकरण नगरेमा वा दफा १० बमोजिम तोकिएको विवरण पेश नगरेमा त्यस्तो व्यवसायले प्रत्येक वर्षको लागि लाग्ने नविकरण दस्तुरको दोब्बर दस्तुर बराबरको विलम्ब दस्तुर तिरी आवश्यक विवरण संलग्न गरी नविकरण गर्नुपर्ने मिति व्यतित भएको पाँच वर्षभित्र व्यवसाय नविकरणका लागि दरखास्त दिन सक्नेछ ।

६. <u>स्थानीय तहमा निजी व्यवसाय दर्ता</u> : (१) स्थानीय तहमा निजी व्यवसाय दर्ता गर्न सकिनेछ ।

(२) स्थानीय तहमा निजी व्यवसायको नविकरण र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. <u>अनुमति वा इजाजतपत्र लिनुपर्ने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएको कुनै व्यवसायले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्ने छैन र यस ऐन बमोजिम निजी व्यवसाय दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त गरेको मानिने छैन ।

८. <u>विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्ने</u> : दफा ४ को उपदफा (१) बमोजिमको विवरणमा कुनै हेरफेर गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>कानूनी मान्यता नपाउने</u> : यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगरी निजी व्यवसायको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कुनै पनि कारोबारले कानूनी मान्यता पाउने छैन ।

१०. <u>सम्बन्धित निकायले विवरण माग गर्न सक्ने</u> : (१) यो ऐन बमोजिम दर्ता भएको कुनै निजी व्यवसायसँग सम्बन्धित निकायले आवश्यक विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको समयभित्र पेश गर्नु त्यस्तो निजी व्यवसायको कर्तव्य हुनेछ ।

११. <u>निजी व्यवसाय खारेज गर्न सकिने</u> : (१) देहायको अवस्थामा सम्बन्धित निकायले निजी व्यवसाय खारेज गर्न सक्नेछ :-

(क) तोकिएको अवधिभित्र नविकरण नगराएमा,

(ख) व्यवसायको धनीले मनासिब कारण दर्शाइ आफ्नो व्यवसाय खारेज गरी पाउँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (३) को विपरीत हुने गरी कुनै कुरा ढाँटी व्यवसाय दर्ता गरेको ठहरिएमा,

(घ) सम्बन्धित निकायले माग गरेको दफा १० बमोजिमको विवरण तोकिएको अवधिभित्र पेश नगरेमा,

(ङ) उद्योग सम्बन्धी निजी व्यवसायले सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी व्यवसायले इजाजतको शर्त बमोजिम उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार वा उपकरणका खरिद गरेको वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा पेश नगरेमा,

(छ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित निकायले व्यवसाय खारेज गर्नु अघि सफाईको उचित अवसर दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्बन्धित निकायबाट व्यवसाय खारेज भएमा त्यसरी खारेज भएको व्यवसायका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को निजी व्यवसाय दर्ता गरिने छैन ।

१२. जरिवाना हुने : (१) यस ऐन बमोजिम दर्ता नगराई खोलिएको निजी व्यवसायको धनीलाई सम्बन्धित निकायको प्रमुखले पाँच हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः दोहोरिएमा पटकै पिच्छे शुरुमा हुने जरिवानामा थप दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) दफा ४ बमोजिम दरखास्त दिँदा झुठ्ठा विवरण दाखिल गर्ने वा दफा १० को उपदफा (२) बमोजिम विवरण पेश नगर्ने वा झुठ्ठा विवरण पेश गर्ने व्यवसायको धनीलाई सम्बन्धित निकायको प्रमुखले पच्चीस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(३) यो दफा बमोजिम सम्बन्धित निकायले गरेको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले सो गरे भएको सूचना पाएका मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१३. यस ऐन बमोजिम हुने : यो ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ ।

१५. बचाउ : यो ऐन बन्नु पूर्व प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्रचलित कानून बमोजिम भए गरेका काम यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

♣♣♣